सभाबाट स्वीकृत मितिः२०७४/३/२२

# तलकोट गाउँपालिकाको विनियोजन ऐन

**२०७५**

तलकोट गाउँपालिकाको आर्थिक बर्ष २०७५\०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः तलकोट गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम तलकोट गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "तलकोट गाउँपालिकाको विनियोजन ऐन, २०७५"रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०७५\०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७५\०७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च,समपुरक कोष विषेश कोष र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३०११३५०००।– (अक्षरुपी तिस करोड एघार लाख पैतिस हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५\०७६ को निमित्त तलकोट गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची–१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.स. | अनुदान सङ्ख्य | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था (प्रदेश सरकारबाट समपुरक तथा विषेश अनुदान अनुमानित) | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ४०२६८२००/- | ६३२६६८००/- | २००००००००/- | १२३५३५०००/- |
| २ | | वडा समिति | ३५०००००।– | २५८०००००।– | | २९३०००००/- |
| | बिषयगत शाखा | | | | | |
| क) | | कृषि तर्फ | ४५८४००० ।– | | | ४५८४००० ।– |
| ख) | | स्वास्थ्य तर्फ | १७०९६००० ।– | | | १७०९६००० ।– |
| ग) | | पशु तर्फ | २७५२०००।– | | | २७५२०००।– |
| घ) | | शिक्षा तर्फ | ६०३७५०००।– | | | ६०३७५०००।– |
| ङ) | | महिला,अपाङ्ग,दलित बालबालिका,युवा लक्षित कार्यक्रम तर्फ | ८०८०००।– | २३०००००/- | | ३१०८०००/- |
| च) | | ग्रामिण जलश्रोत परियोजना | २१२५७०००/- | | | २१२५७०००/- |
| छ) | | वन तथा बातावरण संरक्षण | ३६३०००/- | | | ३६३०००/- |
| ज) | | ग्रामिण नविकरणिय उर्जा | १७६५०००/- | | | १७६५०००/- |
| झ) | | सामाजिक सुरक्षा भत्ता | ३००००००००/- | | | ३००००००००/- |
| ञ) | | समपुरक कोष | २००००००/- | ५००००००/- | | ७००००००/- |
| **जम्मा** | | | **१८४७६८२००।–** | **९६३६६८००/-** | **२००००००००/-** | **३०११३५०००/-** |